# वेलका नगरपालिका

## नगर कार्यपालिकाको कार्यालय रामपुर, उदयपुर,

२०७३

प्रदेश नं. १ नेपाल

## बेलका नगरपालिका परिसरमा क्यान्टिन सञ्चालन गर्ने सम्बन्धी सूचंना

**(प्रथम पटक प्रकाशित मिति २०७५/०९/२५)**

यस कार्यालय परिसरमा निर्माण भएको चमेना गृह (Canteen) सञ्चालन गर्न इच्छुक व्यक्ति वा संस्थाहरुबाट व्यवशाय दर्ता/नवीकरण प्रमाण पत्र र स्थायी लेखा पान नं. भएका व्यक्ति वा संस्थाहरुबाट निम्न शर्तहरुको अधिनमा रही तोकिएको समय भित्र रीतपूर्वकको दररेट आव्हान गरिएको छ ।

१. शिलबन्दि दररेट प्रथम पटक प्रकाशित मितिले ७ दिन भित्र कार्यालय समयमा आवश्यक कागजातहरुको प्रमाणित प्रतिलिपीका साथ रु.१०००।- दस्तुर फिर्ता नहुने गरी बुझाई वेलका नगरपालिकाको कार्यालय वा वे.न.पा. वडा नं. ९ को वडा कार्यालयबाट दररेट फाराम खरिद गर्न सकिनेछ ।

२. दररेट फारामहरु अध्ययन गरि सबै विवरणहरुमा आफ्नो ब्यबशायको तर्फबाट दररेटहरु प्रष्टसंग भरि सम्बन्धित ब्यक्ति, संस्था वा तोकिएको आधिकारिक प्रतिनिधीले दररेट सम्बन्धी कागजातको प्रत्येक पानामा दस्तखत र ब्यवशायको छाप लगाई खाममा शिलबन्दी गरी खाम बाहिर स्पष्ट संग ब्यवशायको नाम, ठेगाना र सम्पर्क नम्बर राखी ८ औं दिनको अपरान्ह १२.०० बजे यस कार्यालय वा वडा नं. ९ को कार्यालयमा दर्ता गरि सक्नु पर्नेछ । यसरी दर्ता भएका शिलबन्दि दररेट फारम सोही दिनको २.०० बजे उपस्थित दररेट पेश कर्ता वा निजको आधिकारीक प्रतिनिधीको रोहबरमा खोलिनेछ ।

३. शिलबन्दि दररेट भर्दा सामाग्रीहरुको नाम अनुसारको छुट्टाछुट्टै विवरण छुट्टाछुट्टै रुपमा भरी बे.न.पा.का कर्मचारी वा जनप्रतिनिधीहरुको लागि खुवाउन सकिने न्यूनतम दररेट अंक र अक्षरमा उल्लेख गर्नुपर्नेछ । केरमेट भई अंक र अक्षरमा फरक पर्न आएमा अक्षरमा लेखिएको दररेटलाई मान्यता दिईनेछ । साथै रित नपुगेको, शिलबन्दि भई नआएको, समय भित्र प्राप्त नभएको, सूचनाको शर्त विपरित भएको दररेट मान्य हुने छैन । दररेट पत्र खरिद वा दर्ता गर्ने दिन सार्वजनिक विदा परेमा सोको भोलिपल्ट तत् तत् कार्यहरु गरिनेछ ।

४. छनौट भएका ब्यक्ति वा संस्थाले न.पा.बाट निर्माण भएको चमेना गृह भवनको प्रयोग गरे वापत वहाल कर वाहेक मासिक रु.४,०००।- नगरपालिकालाई भुक्तानी गर्नुपर्नेछ ।

५. दररेट पेश गर्ने ब्यक्ति वा संस्था स्थानीय बेलकाबासी भएमा छनौटका क्रममा निजलाई प्राथमिकता दिईनेछ ।

६. यस सुचनामा उल्लेख नभएका कुराहरुको हकमा प्रचलित ऐन, कानून बमोजिम हुनेछ ।

७. शिलबन्दि दरभाउ पत्र स्वीकृत गर्ने वा नगर्ने सम्पुर्ण अधिकार यस कार्यालयमा निहित हुनेछ ।

[illegible]